# सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा बिपन्न किसान वर्गको लागी विशेष वाख्रा र कुखुरा पालन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५

प्रस्तावना

नेपालको पशुपन्छीपालनमा महिला, दलित, जनजाती,अपांग, मधेशी लगाएत सिमान्तकृत वर्गकोमहत्वपुर्ण भूमिका भएतापनियस क्षेत्रलाई आधुनिक प्रविधि अनुसार व्यावसायिक रुपले अगाडि बढाउनका सकिएको छैन ।सामाजिक रुपमा पछाडी परेकासिमान्तकृत वर्गको भूमिका र संलग्नतालाई मूलप्रवाहीकरण र सशक्तिकरण अप्रर्याप्त छ । यी समुदायहरुलाई समेट्नका लागि भूमि व्यवस्था कृषि मन्त्रालय प्रदेश नं. २ लेसामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला समुदाय, दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्ग लक्षित वाख्रा र कुखुरा पालनकार्यक्रमलाई व्यवस्थित,सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा स्थापना र संचालन गर्न यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला समुदाय, दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्ग लक्षित पशुपन्छीपालन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५" रहेको छ।

ख) यो कार्यविधि प्रदेश सरकार मन्त्रीपरिषदवाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "**मन्त्रालय**" भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश न २ लाई संम्झनुपर्छ।

ख. **निर्देशनालय**" भन्नाले पशुपँछी तथा मत्स्य विकास निर्देशनाय प्रदेश न २ लाई संम्झनुपर्छ

ग. "**कार्यालय**" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लाई संम्झनु पर्दछ ।

घ. "**कार्यदल**" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रवाट गठित पशु विकास कार्यदललाई संम्झनुपर्दछ ।

ङ. "**निजि फार्म**" भन्नाले सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसानको स्वामित्वमा रही नेपाल सरकारको कुनै निकायमा कानुन वमोजिम दर्ता भएको फार्म संम्झनुपर्दछ ।

च. "**कार्यक्रम**" भन्नाले यस कार्यविधिको अधिनमा रही संचालन भएको सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान लक्षित पशुपालन सवलिकरण कार्यक्रम संम्झनुपर्छ ।

छ. " **सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान** भन्नाले आर्थिक दृष्टीले विपन्न व्यतिलाई सम्झनु पर्दछ ।

डा. वंशी शर्मा
सचिव

## परिच्छेद २
### कार्यक्म सचालनको उद्धेश्य तथा सचालन प्रकृया

३. उद्देश्यः

क. सिमान्तकृत समुदाय लक्षित पशुपन्छीपालन कार्यक्रम सञ्चालन गरी उनीहरुलाई पशुपालनका क्षेत्रमा सशक्तिकरण तथा मूलप्रवाहीकरण गर्ने,

ख. लक्षित वर्गको खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने,

ग. लक्षित वर्गलाई रोजगारीको अवसर सिर्जना गरी आयआर्जनका माध्यमद्धारा जीविकोपार्जनमा सुधार ल्याउने,

घ. सिमान्तकृत समुदाय लक्षित कार्यक्रमलाई मितव्ययी प्रभावकारी सरल र पारदर्शी रुपमा संचालन गर्न

४. **प्रस्ताव आहवान मूल्याँकन र स्वीकृत गर्ने विधिः**

क. सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्गको लागी विशेष वाखा र कुखुरा पालन कार्यक्रम संचालनको लागी स्थानीय स्तरको पत्रपत्रिकामा अनसुची १ वमिजिमको सुचना प्रकाशन गर्ने काम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको हुनेछ ।

ख. सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्गको लागी विशेष वाखा र कुखुरा पालन कार्यक्रम संचालनको लागी प्राप्त प्रस्तावको स्थलगत मूल्याँकनको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखले तोके वमोजीमको कम्तीमा ३ सदस्ययी स्थलगत **मूल्याँकन समिति** गठन गरिनेछ ।

स्थलगत मूल्याँकन समिति निम्नानुसारको रहनेछ ।

| | |
|---|---|
| सँयोजक | पशु चिकित्सक भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र |
| सदस्य= | मत्सय विकास अधिकृत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र |
| सदस्य | सचिव पशु विकास अधिकृत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र |

ग. उक्त समितिले स्वीकृत कार्यक्रम अनुसारको प्राप्त भएको प्रस्तावहरुको स्थलगत अनुगमन तथा मूल्याँकन गरि अनुमोदनको लागि पशु विकास कार्यदलमा पेश गर्नेछ ।

घ. सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्गको लागी विशेष वाखा र कुखुरा पालन कार्यक्रम संचालनको लागी गठन भएको समूहलाइस्थलगत मूल्याँकनको लागी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको सँयोजकत्वमा ७ सदस्यीय **पशु विकास कार्यदल** गठन गरिनेछ ।

| | |
|---|---|
| १.भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको | संयोजक |
| २.कृषि ज्ञानको अधिकृत प्रतिनिधि | सदस्य |
| ३.जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| ४.जिल्ला समन्व समितिको कार्यलयको अधिकृत प्रतिनधि | सदस्य |
| ५.सम्वन्धित जिल्लाको अगुवा कृषक पुरुष एक जना | सदस्य |
| ६.सम्वन्धित जिल्लाको अगुवा कृषक महिला एक जना | सदस्य |
| ७.भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले तोकेको अधिकृत/१ जना | सदस्य सचिव |

…णी शर्मा

यसरी गठित पशु विकास कार्यदल स्वीकृत कार्यक्रम अनुसारको प्राप्त भएको प्रस्तावरुको स्थलगत मूल्याँकन विवरणलाइ अध्यन गरि अनुमोदन गर्नेछ र अवश्यक परेको खण्डमा कृषकको घरदैलोमा समेत गई स्थलगत मूल्याँकनको नतिजा हेर्न सकिनेछ ।

## परिच्छेद ३
## सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्ग लक्षित विशेष बाख्रा पालन कार्यक्रम

आ.व.२०७५/७६मा यो कार्यक्रम यस प्रदेश न २ को ८ जिल्लाहरुमा सचालन गरिने छ । कार्यक्रमको प्रभावकारीता, आवश्यकता र बजेटको उपलब्धतालाई मध्यनजर राख्दै आगामी आ.व. हरुमा पनि कार्यक्रम सचालन हुनेछन् ।

### ५. कार्यक्रमका विषयगत क्षेत्रहरु

१. सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्ग लक्षित विशेष बाख्रा पालन कार्यक्रम

### ६. कार्यक्रम सन्चालन प्रकृया

१. स्थान छनौटः बाख्रा कार्यक्रमका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले स्थानिय तहमा खटिएका पशु सेवा तर्फको कर्मचारीहरुसग बैठकवाट निर्णय गरि स्थान छनौट गर्ने छ

२. अनुमोदन गराउनुपर्ने: भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रवाट निर्णय भै छनौट भएको स्थान पशु विकास कार्यदलवाट अनुमोदन गराउनु पर्नेछ ।

३. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले स्थानीय पत्रपत्रिका र एफ एम रेडियोवाट अनुसूची १ अनुसारको प्रस्ताव सम्वन्धी सूचना प्रवाह गर्नुपर्छ र सो सूचनाभेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले स्थानिय तहका पशु सेवा शाखाहरुमा समेत टाँस गर्नुपर्नेछ ।

४. छनौट भएका गाउपालिका वा नगरपालिकावाट सहयोगका लागि दलित, जनजाती अपांग, मधेशी, लगाएत सिमान्तकृत कृषकले अनुसूची २ अनुसारको निवेदन र अनुसूची ३ अनुसारको सँक्षिप्त कार्ययोजना भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा दिन सक्नेछन । कार्ययोजना तयार गर्नको लागि कार्यालयले सहजिकरण गर्नेछ

५. प्राप्त निवेदनहरु छनौट गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले छनौट भएका गाउपालिका वा नगरपालिकाको पशु सेवा शाखा तर्फको कर्मचारीहरुसगको वैठकवाट निर्णय गराई मात्र कार्यक्रम कार्यान्वयन गराउनु पर्नेछ ।

६. समूह गठन गर्ने : छनौट भएको स्थानमा कम्तीमा १० जनाका दरले ५ वटा कृषक समूह गठन गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

७. कार्य संपादनका आधारमा सम्वन्धित गाउपालिका वा नगरपालिकाको पशु सेवा शाखाको सिफारिसमा एकै किस्तामा भुक्तानी दिने व्यवस्था मिलाईनेछ ।

८. बाख्रा पालनका लागि बाख्रा खरिद, खोर निर्माण, खोप, आहारा र परजिवि नियन्त्रण कार्यका लागि सहयोग उपलब्ध गराईनेछ। एक सदस्यका लागि बाख्राको तौल कम्तिमा १५ के.जी. भएको २ वटा बाख्राको पाठी उपलब्ध गराईनेछ ।

९. बाख्राको पाठी खरिद गरिसके पछि सम्वन्धित पशु चिकित्सकवाट स्वास्थ्य परिक्षणा गराउनु पर्नेछ ।

वंशी शर्मा

१०. सचालित कार्यक्रमको अनुगमन मुल्याकन प्रतिवेदन मन्त्रालयमा प्रेषाण गर्नु पर्नेछ र मन्त्रालयले दिएको निर्देशन पालन गर्नेपर्नेछ ।

**७ आर्थिक नर्मस :** सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्ग लक्षित विशेष बाख्रा पालन कार्यक्रमको आर्थिक नर्मस निम्नानुसारको हुनेछ ।

| सि.नं. | कार्य विवरण | ईकाई | परिमाण | दर | वजेट रकम रु प्रति जिल्ला |
|---|---|---|---|---|---|
| १ | समूह गठन ५ वटा समूह प्रति समूह गठन रु २००० का दरले | पटक | १ | २००० | १०००० |
| २ | बाख्रा वितरणप्रति कृषक २ वटाको दरले ५० जनालाइ | संख्या | १०० | १०००० | १०००००० |
| ३ | बाख्राको खोर निर्माणमा सहयोग प्रति कृषक ५० कृषकलाइ | संख्या | ५० | १०००० | ५००००० |
| ४ | बाख्राको , परजिवि नियन्त्रण, खोप प्रति समूहलाइ २००० का दरले | पटक | २ | १०००० | २०००० |
| ५ | डालेघांसका विरुवा ढुवानी तथा वितरण ५० कृषक | पटक | २५०० | १० | २५००० |
| ६ | समूहलाई अभिमुखीकरण तथा सशक्तिकरण तालिम (५ समूह) | पटक | २ | २५००० | ५०००० |
| ७ | कार्यदलको वैठक | पटक | २ | १५००० | ३०००० |
| | | | | जम्मा | १६३५००० |

## परिच्छेद ३

## सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्गको लागी विशेष कुखुरा पालन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५

### ८. कार्यक्रमको क्षेत्रः

आ.व. २०७५/७६ मा यो कार्यक्रम तोकिएका२ नप्रदेशका ८ जिल्लाहरुमासचालन गरिने छ र आवश्यकता र बजेटको उपलब्धतालाई मध्यनजर राख्दै आगामी आ.व. शरुमा पनि सचालन गर्दै लगिने छ ।

### ९. कार्यक्रम सञ्चालन प्रक्रिया तथा क्रियाकलापहरुः

यो कार्यक्रममा विशेषगरी कुखुरापालन, जोड दिइनेभएतापनि सम्बन्धित पशु विकास कार्यदलले आवश्यकता महसुस गरेका अन्य पशुपालनका क्षेत्रमा पनि कार्यक्रम सञ्चालन गर्नउक्त कार्यदलले सिफारिश गर्न सक्नेछ । यो कार्यक्रम सञ्चालन गर्नका लागि कार्यक्रम सञ्चालित पशु विकास कार्यदलबाट तोकिएका क्षेत्रमा आमा समूह पहिले नै गठन भै सक्रिय भएको अवस्थामा सोही समूहलाई परिचालन गरिनेछ भने त्यस्तो समूह नभएको खण्डमा लक्षित वर्गहरुको समूह गठन गरी सम्बन्धित पशु अस्पतालतथा पशु सेवा विज्ञ केन्द्र/स्थानिय तहमा रहेको पशु सेवा शाखाको प्रत्येक्ष प्राविधिक रेखदेखमा कार्यक्रमलाई अगाडी बढाइने छ ।

१०. क्रियाकलापहरु:

१०.१ कुखुरापालनका हकमा

क. कार्यक्रम सञ्चालित क्षेत्रमा प्रति समूह १० जनाका दरले कम्तिमा ५० सदस्यहरु समेटिने गरी ५ समूहहरुको गठन गर्ने ।

ख. प्रति समूह सदस्यलाइ कम्तिमा ड्युल प्रपोजका कुखुराको चल्ला ५० गोटाका दरलेवितरण गरिने छ ।

ग. समूहले पालेका कुखुराहरुमा आवश्यक पर्ने खोप, परजिवीनियन्त्रण र उपचारको व्यवस्था सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले नै प्राथमिकतामा राखी मिलाउनु पर्नेछ ।

घ. उत्पादनलाई सस्तो र गुणस्तरीय बनाउने उपयुक्त हुने घाँसहरु फोरेज पिनट,Azolla feeding जस्ता विषयहरुमा समूहले विशेष प्राथमिकतामा दिनेछ ।

ङ. यस कार्यक्रममा कुखुरापालन गर्नका लागि १० फिटx१० फिट (१०० वर्गफिट) भित्री खोर र १५ फिटx१५ फिट (२२५ वर्गफिट) को कुखुरा बाहिरी खेल्ने/चर्ने क्षेत्र बनाउनु पर्नेछ । यसका लागि स्वीकृत बजेटको परिधिभित्र रही प्रति कृषक बढिमा रु. १०,०००/– सम्मको रकम अनुदान स्वरुप उपलब्ध गराइने छ ।

११. आर्थिक कार्यविधि:

| क्र.सं. | कार्यक्रमको विवरण | इकाई | परिमाण | दर | रु. प्रतिजिल्ला |
|---|---|---|---|---|---|
| १ | समूह/समिति गठन(५ समूहको लागि प्रति समूह २००० का दरले | पटक | १ | २००० | १०००० |
| २ | चल्लावितरण प्रति सदस्य ५० गोटाका दरले | पटक | २५०० | १०० | २५०००० |
| ३ | खोर निर्माण | पटक | ५० | १०००० | ५००००० |
| ४ | समूहलाई अभिमुखीकरण तथा सशक्तिकरण तालिम (५ समूह) | पटक | २ | २५००० | ५०००० |
| ५ | कार्यदलको बैठक | पटक | २ | १५०० | ३०००० |
| ६ | खोप औषधि परजीवी नियनुत्रण प्रति कृषक ५ वटा समूहलाइ | आ.अ | | २५००० | २५००० |
| जम्मा | | | | | ८६५००० |

क. कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन,२०५५ आर्थिक कार्यविधि नियमावली,२०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

१२. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था:

यस कार्यक्रमको अनुगमन प्रदेश नं. २मन्त्रालय, पशुपंछी तथा मत्सय विकास निर्देशनालय, पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले गर्नेछन् र सोको मासिक प्रतिवेदनपशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पशुपंछी तथा मत्सय विकास निर्देशनालयमा पठाउनु पर्ने छ ।

१३.थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

डा. बंशी शर्मा

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि प्रदेश मन्त्रालयले आवश्यकता अनुसार व्यास्था गर्न सक्नेछ ।

डा. बंशी शर्मा

अनुसूची–१

निवेदन आव्हानको सूचनाको ढाँचा

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र .............

प्रथम पटक प्रकाशित मिति : .............

यस केन्द्रको आ.व. २०...../.....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार**सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्गको लागी विशेष वाखा र कुखुरा पालन कार्यक्रम** रहेकाले इच्छुक सम्वन्धित कृषकबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्च: आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सुचित गरिन्छ ।

तपसिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. सम्वन्धित गाँउपालिका वा नगरपालिकावाट सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला/दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्गको पहिचान हुने सिफारिसपत्र ।

डा. बंशी शर्मा

अनुसूची – २

सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुखज्यू,
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
......................

विषय : सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

मलाई पशुपन्छीपालनमा सहयोग प्राप्त गरी ..................................................कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु ।

पुनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
२. सम्वन्धित गाउ विकास समिति वा नगरपालिकाबाट सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला दलित जनजाती अपांग मधेशी लगाएत सिमान्तकृत वर्ग पहिचान हुने सिफारिसपत्र
३. संक्षिप्त कार्ययोजना

निवेदकको
नामः
दस्तखत :
संस्था/व्यक्तिः
ठेगानाः
संस्था को छाप

डा. बंशी शर्मा
सचिव

अनुसूची - ३

## सामाजिक रुपमा पछाडी परेका साना कृषक तथा विपन्न किसान वर्गको लागी विशेष वाख्रा र कुखुरा पालन कार्यक्रमको सँक्षिप्त कार्ययोजना

समूह/व्यक्तिको नाम:

सम्पर्क नं.

ठेगाना: जिल्ला :

गाँउपालिका/नगरपालिका/उप म.न.पा./म. न.पा. टोल वार्ड नं.

कार्यक्रम संचालन गर्नुको मुख्य उद्धेश्यहरु:

कार्यक्रम संचालन सम्बन्धी विशेष केही अनुभव :

कार्यक्रम संचालन हुने स्थान:

संचालन गरिने कार्यक्रमको नाम:

| क.सं. | संचालन गरिने मुख्य क्रियाकलापहरु | समूह/व्यक्तिको लगानी रकम रु | अपेक्षित अनुदान रकम रु. | जम्मा लगानी रकम रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

समूह/व्यक्तिको नाम:

ठेगाना:

नाम :

पद:

हस्ताक्षर:

समूहको छाप:

डा. बंशी शर्मा